# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
(कृषि विकाश शाखा)
शनिश्चरे, झापा
प्रदेश नं. १, नेपाल

प.सं. २०७७/७८
च.नं: सूचना नं. 20

**व्यावसायिक कृषि उत्पादन पकेट विकास कार्यक्रम (पुरानो) पकेट) संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।**

**प्रकाशन मिति: २०७७/१०/०७ गते**

आ.व. २०७७/७८ मा यस नगरपालिकाले प्रधानमन्त्री कृषि आधुनीकीकरण परियोजना अन्तर्गत व्यावसायिक कृषि उत्पादन (पकेट) विकास कार्यक्रम संचालनका लागि यस अर्जुनधारा नगरपालिकाका क्षेत्र भित्र संचालित १ वर्ष पुरानो अर्थात् गत वर्षबाट संचालनमा रहेको पकेट संचालक समूह/सहकारीहरु आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र (२०७७/१०/१४) गते भित्र यस नगरपालिका कृषि विकास शाखामा कार्यविधिमा तोकिएको ढाँचा (अनुसूची -१०) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**निवेदनको साथमा पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**

१. सम्बन्धित निकाय कृषि समूह/सहकारी संस्था/समिति/कृषि फार्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।

२. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडा/लिजको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा।

३. निवेदको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

४. कार्य समितिको निर्णयको प्रतिलिपि।

५. वडा कार्यालयको सिफारिस पत्र।

महेन्द्र कुमार खाम्याहाङ्ग
प्रमुख प्रशासकीय अधिकृत

फोन नं ०२३-४६५५०२/४६५५०३/४६५५७७
ईमेल: info@arjundharamun.gov.np, arjundharamun@gmail.com
वेभसाइट: www.arjundharamun.gov.np